नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति: २०७६।७।१

सन २०१४ मा सम्पन्न नेपाल भारत विद्युत व्यापार सम्झौताको दफा ५ मा व्यवस्था भएअनुसार उक्त सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण र यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न सचिव तथा सहसचिवस्तरीय समितिहरुको सातौं बैठक २०७६ साल असोज २७ – २८ गते भारतको बैङ्गलोरमा सम्पन्न भएको छ। सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee, JSC) बैठक नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेश कुमार घिमिरे तथा भारत सरकारको विद्युत मन्त्रालयका सचिव श्री एस सी गर्गको सहअध्यक्षतामा असोज २८ गते सम्पन्न भयो। उक्त बैठकले असोज २७ गते सम्पन्न भएको सहसचिवस्तरीय संयुक्त कार्यदल (Joint Working Group, JWG) को बैठकले गरेको सिफारिशहरुमा छलफल गरी आवश्यक निर्णय गरेकोछ। संयुक्त कार्यदलको बैठकको सहअध्यक्षता नेपालको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री प्रवीणराज अर्याल तथा भारतको तर्फवाट विद्युत मन्त्रालयका अतिरिक्त सचिव श्री एस के जी रहातले गर्नु भएको थियो।

बैठकले दुई देश बीच मौजुदा प्रसारणलाईनहरु, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाईनहरु, अरुण ३ जलविद्युत तथा प्रसारण लाइन आयोजना, अन्तर्देशीय विद्युत व्यपार तथा ईनर्जी ब्याङ्ककिङ्ग, लगायतका विषयहरुमा निम्न बमोजिम समिक्षा तथा निर्णय गऱ्यो:

१. हाल २२० किलो भोल्टमा चार्ज भइ सञ्चालनमा आएको पहिलो अन्तर्देशीय ढल्केबर मुजफ्फरपुर प्रसारणलाईन लाई ४०० किलो भोल्टमा स्तरोन्नती गर्न भैरहेका कार्यहरुको बैठकले प्रगति समिक्षा गरी उक्त प्रसारण लाईनको भारतीय तथा नेपाली भूभाग तर्फको गरी सम्पूर्ण कार्य डिसेम्बर ३१, २०१९ सम्म सम्पन्न गरी ४०० किलोभोल्ट स्तरमा सञ्चालनमा ल्याउने सहमति भयो। यो कार्य सम्पन्न भए पश्चात यस लाईनको विद्युत प्रसारण क्षमता हालको २५० मेगावाट वाट बृद्धि भई ६०० मेगावाट सम्मको हुनेछ।

२. भारत सरकारको सहयोगमा निर्माण भई सञ्चालनमा आएको १३२ किलोभोल्ट सिंगल सर्किट कटैया-कुशाहा प्रसारणलाईनलाई डबल सर्किटमा भारत तर्फको स्तरोन्नतीको कार्य नेपाल विद्युत प्राधिकरणको खर्चमा विहार सरकारको विहार स्टेट पावर ट्रान्समिसन कम्पनी लिमिटेडले सम्पन्न गर्ने सहमति भयो। यसैगरी भारत सरकारकै सहयोगमा निर्माण भई सञ्चालनमा आएको १३२ किलोभोल्ट सिंगल सर्किट रक्सौल-परवानीपुर प्रसारणलाईनको भारतीय भू-भागभित्र पर्ने खण्डको डबल सर्किटमा स्तरोन्नती र सम्बन्धित Bays निर्माण गर्ने विषयमा विहार सरकारको विहार स्टेट पावर ट्रान्समिसन कम्पनी लिमिटेडले विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने तथा निर्माण सहयोगको लागि भारत सरकारको अनुदान सहयोग उपलब्ध गराउने विषयमा सैद्धान्तिक सहमति भयो।

३. संयुक्त प्राविधिक समितिले तयार गरेको ४०० किलोभोल्टका नयाँ लम्की (दोदोधरा) – बरेली (नयाँ) एवम् ईनरुवा – पूर्णिया (नयाँ) प्रसारण लाईनको अध्ययन प्रतिवेदनमा छलफल भई जलविद्युत

नेपाल सरकार
जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

आयोजनाहरुको अद्यावधिक सूचि अनुसार अध्ययन परिमार्जन गर्न उक्त प्राविधिक समितिलाई बैठकले निर्देश गर्यो।

४. न्यू नौतनुवा (उत्तर प्रदेश, भारत) – मैनहिया (नेपाल) १३२ किलोभोल्ट प्रसारण लाईनलाई न्यू-नौतनवा सवस्टेशनमा जोड्ने निर्णय भयो । यसै गरी नानपारा (उत्तर प्रदेश, भारत) – कोहलपुरु (नेपाल) १३२ किलोभोल्ट प्रसारण लाईनको प्रारम्भिक अध्ययन प्रतिवेदनमा छलफल भई भारतीय पक्षले ३ महिनाभित्र विस्तृत आयोजन प्रतिवेदन तयार गरी नेपाल पक्षलाई उपलब्ध गराउने सहमति भयो।

५. दोश्रो अन्तर्देशीय नयाँ बुटवल-गोरखपुर ४०० किलोभोल्ट प्रसारण लाईनको नेपाल खण्डको लागि आवश्यक लगानी नेपाल सरकार आफैले व्यवस्था गर्ने भएको सन्दर्भमा भारतीय भू-भागमा पर्ने संरचनाहरुको लागि आवश्यक लगानी तथा कार्यान्वयनको प्रारुपको हकमा बैठकले निम्नानुसारको निर्णयहरु गरेकोछ :

क) भारतीय क्षेत्रमा रहने प्रसारण लाईनको २५ बर्षकोलागि सम्पूर्ण Capacity Booking नेपाल विद्युत प्राधिकरणले गर्ने।

ख) नेपाल विद्युत प्राधिकरण तथा भारत सरकारको पावर ग्रीड कर्पोरेशन अफ ईन्डिया लिमिटेड (पावरग्रीड) को ५०:५० प्रतिशत स्वपूँजी रहने गरी संयुक्त उपक्रमको कम्पनी स्थापना गर्ने; तथा यो कम्पनी र नेपाल विद्युत प्राधिकरण वीच Implementation and Transmission Service Agreement (ITSA) सम्पन्न गर्ने। यी दुवै कार्य आगामी ६ महिनाभित्र सम्पन्न गर्ने ।आयोजनामा ऋण तथा स्वपूँजी को लगानी अनुपात ८०:२० प्रतिशत रहने।

ग) ITSA सम्पन्न भएको तीन वर्षमा यो आयोजनाको निर्माण सम्पन्न गर्ने।

६. भारतको टनकपुर सबस्टेसनमा जडित ५० एम.भि.ए. क्षमताको ट्रान्सफर्मरलाई १०० एम.भि.ए. क्षमताको ट्रान्सफर्मरले बदली गर्ने विषयमा भैरहेको कार्यको प्रगति समिक्षा भई यो कार्य यसै वर्षको डिसेम्वर महिनाभित्र सम्पन्न गर्ने निर्णय भयो।

७. नेपाल भारत बीच मौजुदा तथा प्रस्तावित प्रसारण प्रणालीहरुले दुई देशको विद्युत ग्रीडलाई जोडने हुनाले प्रणालीको प्राविधिक सुरक्षा तथा व्यवस्था (Special Protection System,SPS; Under Frequency Relay, UFR; df/dt relay; communication system) हरुको लागि अवलम्वन गर्नु पर्ने उपायहरुको विषयमा भएको प्रगति बारे छलफल भयो। प्रस्तावित प्राविधिक उपायहरु अवलम्बन गरी ६ महिना भित्र नेपाल र भारत बीच सिन्क्रोनस ग्रीड सञ्चालन हुने ।

८. Import / Export (Cross Border) of Electricity Guidelines परिमार्जन गरी ईनर्जी बैंकिङ्गको विषय यस Guideline मा समावेश गर्न भारतीय पक्ष सकारात्मक रहेको ।

९. भारतीय ग्रीड प्रयोग गरी नेपाल र बंगलादेशबीच विद्युत आदान प्रदान गर्ने समबन्धमा त्रिपक्षीय सहकार्य अघि बढाउने विषयलाई सकारात्मक रुपमा लिई भारतीय पक्षले तीन महिनाभित्र त्रिपक्षिय बैठकको आयोजना गर्ने सहमति भएकोछ।

२०७६/६/१

(प्रवीण राज अर्याल)
सहसचिव एवम् प्रवक्ता